# “ सान्नी त्रिवेणी गाउँपालिका खानेपानी मुहान दर्ता तथा नवीकरण कार्यविधि, २०८१”

CamScanner

## प्रस्तावना:

सान्नी त्रिवेणी गाउँपालिकाबाट संचालन हुने खानेपानी संम्वन्धि योजना तथा आयोजनाहरु संचालन, मुहान सम्वन्धि विवादहरुको व्यवस्थापन तथा खानेपानी सम्वन्धि विविध कार्यक्रम व्यवस्थित तवरले संचालन गर्न वान्छनिय भएकाले,

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "सान्नी त्रिवेणी गाउँपालिका खानेपानी मुहान दर्ता तथा नवीकरण कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्विकृत भै राजपत्रमा प्रकाशित मिति देखि लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यविधि" भन्नाले "सान्नी त्रिवेणी खानेपानी मुहान दर्ता तथा नवीकरण कार्यविधि २०८१"लाई सम्झनु पर्दछ।

ख) "खानेपानी" भन्नाले घरेलु तथा औद्योगिक उपभोगका लागी आपुर्ती गरिने खानेपानीलाई सम्झनु पर्दछ।

ग) "मुहान" भन्नाले नदि, नाला, खोलो, धारो आदिको पानी उम्रने वा निस्कने ठाउँ, मुललाई सम्झनु पर्दछ।

घ) "श्रोत" भु-सतह वा भूमिगत रुपमा रहेको खानेपानीको स्रोत लाई सम्झनु पर्दछ।

ङ) "संरचना" भन्नाले स्रोतबाट खानेपानी जम्मा गर्न नियन्त्रण गर्न, शुद्धिकरण गर्न वा वितरण गर्न बनाईएको जलाशय र सो जलाशयले चर्केको छेत्र सम्झनु पर्दछ र सो शब्दले त्यस्तै उद्देश्यले बनाईएका पानी टयांकी, पाइप लाईन, निकास, धारा वा त्यस्तै प्रकारका अन्य संरचनालाई समेत जनाउदछ।

च) "सर्वेक्षण" भन्नाले संरचना निर्माण, संरचना निर्माण गर्दा पर्ने वातावरणीय असर, स्रोतबाट उद्योग तथा वितरण गर्न सकिने खानेपानीको परिमाण, खानेपानीबाट लाभान्वित हुनेको संख्या लगायत आर्थिक तथा प्राविधिक तथ्यहरु समेतको विश्लेषण गरी विस्तृतरुपबाट तयार गरिएको अन्वेषण संभाव्यता अध्ययन र तत्सम्वन्धि विस्तृत ईन्जिनियरीङ्ग डिजाइन समेतको कार्य सम्झनु पर्छ।

छ) "परियोजना" भन्नाले अनुमति प्राप्त व्यक्तिले संचालन गर्ने खानेपानी परियोजना सम्झनु पर्छ र सो शब्दले कार्यविधिमा व्यवस्था भए वमोजिम यस गाउँपालिका, विभिन्न संघ संस्था/समिति वा नेपाल सरकार/प्रदेश सरकार/गैह सरकारी संघ संस्थाले उपभोक्ता



मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

CamScanner

समितिलाई हस्तान्तरण गरेको परियोजना वा उपभोक्ता समिति/संस्थाले आफै विकास गरी संचालन गरेको परियोजना समेतलाई जनाउँदछ।

ज) "समिति" भन्नाले यस कार्यविधि बमोजिम दर्ता हुने मुहान दर्ता उपभोक्ता समितिलाई सम्झनु पर्दछ।

झ) "पानी" आपुर्तिकर्ता" भन्नाले यस कार्यविधि वमोजिम उपभोक्तालाई खानेपानी आपुर्ति गर्ने उपभोक्ता समिति/संस्था वा अनुमतीपत्र प्राप्त ब्यक्ति लाई सम्झनु पर्दछ।

ञ) "सेवा" भन्नाले पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी सेवा सम्झनु पर्छ।

ट) "उपभोक्ता" भन्नाले पानी आपूर्तिकर्ताले उपलब्ध गराएको सेवा उपभोग गर्ने ब्यक्ती वा निकाय लाई सम्झनु पर्दछ।

ठ) "सेवा शुल्क" भन्नाले सेवा उपभोग गरे वाफत उपभोक्ताले पानी आपूर्तिकर्तालाई बुझाउनु पर्ने सेवा शुल्क सम्झनु पर्छ र सो शब्दले विलम्व शुल्क समेतलाई जनाउदछ।

ड) "निरीक्षक" भन्नाले कार्यविधिमा व्यवस्था भए वमोजिम तोकिएको खानेपानी निरीक्षक लाई सम्झनु पर्दछ।

ढ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको निर्वाचित अध्यक्षलाई सम्झनु पर्दछ।

ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ।

**३. मुहान दर्ताको उपभोक्ता समिति/संस्थाको गठन:**

(१) सामूहिक लाभको लागि परियोजनाको विकास तथा सञ्चालन गरी त्यसबाट लाभान्वित हुन चाहने व्यक्तिहरुले मुहान दर्ता उपभोक्ता समिति/संस्था गठन गर्न सक्ने छन्।

**४. उपभोक्ता समिति/संस्थाको विधान :**

(१) उपभोक्ता समिति/संस्थाको एउटा विधान हुनेछ।

(२) उपदफा (१) बमोजिमको विधानमा देहायका कुराहरु खुलाईएको हुनु पर्नेछ :

(क) उद्देश्य तथा कार्य क्षेत्र,

(ख) सदस्यताको लागी योग्यता

(ग) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि,

(घ) सदस्यताको अयोग्यता,

( ङ) साधारण सभाको गठन,

(च) साधारण सभाको अधिवेशन,

(छ) साधारण, सभाको काम, कर्तव्य अधिकार .

(ज) कार्य समितिको गठन,

(झ) कार्यसमितिको बैठक



मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

CamScanner

(ञ) कार्य समितिको काम, कर्तव्य र अधिकार,

(ट) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार,
(ठ) निर्वाचन सम्वन्धि व्यवस्था,

(ड ) अविश्वासको प्रस्ताव,

(ढ) आर्थिक स्रोत,

(ण) चल अचल सम्पतिको विवरण,

(त) कोष,

(थ) लेखापरिक्षण,

( द) विधानमा संशोधन,

(ध) विनियम बनाउन सक्ने कुरा

(न) अन्य आवश्यक कुराहरु,

**५. उपभोक्ता समिति/संस्था तथा मुहान दर्ता गर्न दरखास्त दिनु पर्ने :**

उपभोक्ता समिति/संस्था तथा मुहानको दर्ता गर्न चाहने व्यक्तीले पाँच सय रुपैया दस्तुर सहित अनूसूचि-१ वमोजिमको ढाँचामा समिति समक्ष दरखास्त दिनु पर्नेछ।

**६. मुहान दर्ता उपभोक्ता समिति/संस्थाको दर्ता :**

(१) दफा ५ वमोजिम मुहान दर्ता उपभोक्ता/संस्थाले गाउँपालिकामा निवेदन सहितको आवश्यक कागजात पेश गरेमा मुहान दर्ताको हकदावीको लागि ३५ दिने सूचना प्रकाशित गरि ३५ दिन भित्र हकदावी नपरेमा मूहान दर्ता प्रकृया अघि बढाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिमको सम्पूर्ण प्रकृया पुरा भै सकेपछि मुहान दर्ता उपभोक्ता समिति/संस्थाले विकास गर्न प्रस्तावित गरेको परियोजना आर्थिक तथा प्राविधिक दृष्टिकोण समेतबाट विकास गर्न उपयूक्त भए नभएको जाँचबुझ गरी सो सम्वन्धमा सम्वन्धित निकाय संग परामर्श समेत गर्दा परियोजना विकास गर्न उपयूक्त देखिएमा समितिले मुहान दर्ता गरी दरखास्तवालालाई अनुसुचि-२ वमोजिमको उपभोक्ता समिति/संस्थालाई दर्ता प्रमाण पत्र दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ तथा परामर्श गर्दा उपभोक्ता समिति/संस्था दर्ता गर्न नमिल्ने भएमा समितिले त्यसको कारण सहितको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ।

**७. दोहोरो उपभोक्ता समिति/संस्था दर्ता नगरीने :** क) कूनै स्रोतको उपभोग गर्न कुनै उपभोक्ता समिति/संस्था दर्ता भई सकेपछि त्यस्तो उपभोक्ता समिति/संस्थाले उपभोग गर्ने पानिको परिमाणमा कटौती हुने गरी सोहि समिति/संस्थाको कार्यक्षेत्रभित्र अर्को उपभोक्ता समिति/संस्था दर्ता गरिने छैन।



मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

CamScanner

८. स्रोतको पानीमा उपभोक्ता समिति/संस्थाको अधिकार कायम रहने :

१) दफा ६ वमोजिम उपभोक्ता समिति/संस्था दर्ता भएपछि उपभोक्ता समिति/संस्थाले उपयोग गर्न तोकिएको हद सम्मको परिमाण बराबर पानिको स्रोतमा उपभोक्ता समिति/संस्थाको अधिकार कायम रहने छ।

२) यो कार्यविधि प्रारम्भ हुनु अघि नेपाल सरकार, प्रदेश सरकार तथा गैहसरकारी संघ संस्थाले विकास गरेको खानेपानी परियोजना संचालन गर्न उपभोक्ता समिति/संस्थालाई हस्तान्तरण गरेको भए त्यस्तो उपभोक्ता समिति/संस्थाले उपयोग गर्ने हद सम्मको परिमाण बराबरको पानीको स्रोतमा त्यस्तो उपभोक्ता समिति/संस्थाको अधिकार कायम रहनेछ।

३) खानेपानी मुहानको सर्वेक्षण गरी ताँहाको आवश्यकतालाई मध्यनजर गरी बाँकी रहेको पानी सार्वजनिक वन भु-भाग, व्यक्तिको लाल पुर्जा भित्र परे पनि उक्त मुहानलाई प्रयोग गर्न कसैले बाधा व्यव्धान गर्न पाइने छैन।

४) परम्पराकाल देखि खाईपाई आएको मुहानमा प्रयोग गरी रहेका उपभोक्ताको पहिलो हक हुनेछ।

५) कुनै कारणले पानीको मुहान घटन गएमा सो अनुपातमा पानीको वितरण गरिने छ।

९. नेपाल सरकार/प्रदेश सरकार/संघ संस्था/गाउँपालिकाले विकास गरेको परियोजना संचालन गर्ने उपभोक्ता समिति/संस्थाको गठन र मुहान दर्ता:

१) गाउँपालिकाले कार्यविधिको कुनै परियोजना उपभोक्ता समिति/संस्था मार्फत संचालन गराउन चाहेमा त्यस्तो परियोजना संचालन गर्न चाहने व्यक्तीहरुले दफा ३ बमोजिम उपभोक्ता समिति/संस्था गठन गरी दफा ५ बमोजिम दर्ता गराउनु पर्नेछ।

२) उपदफा (१) बमोजिम उपभोक्ता समिति/संस्था दर्ता गर्ने संम्वन्धमा गाउँपालिका समक्ष दरखास्त दिदा नेपाल सरकार/प्रदेश सरकार/संघ संस्था/गाउँपालिकाले त्यस्तो उपभोक्ता समिति/संस्थालाई परियोजना संचालन गर्ने विषयमा दिएको पत्र समेत संलग्न गर्नु पर्ने छ।

## अनुमतिपत्र सम्वन्धी व्यवस्था

१०. सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनु पर्ने :

१) कुनै स्रोतको सवेक्षण गर्न चाहने व्यक्ति वा गैह सरकारी संघ संस्थाले अनुमतिपत्रको लागी पाँच सय रुपैयाँ दस्तुर सहितको अनुसूची-३ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष दरखास्त दिनु पर्नेछ।

२) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएमा समितिले सो सम्वन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप कागजातको माग गर्नु पर्ने देखिएमा दरखास्त परेको मितिले १५ दिन भित्र दरखास्तवालालाई सो कुराको सूचना दिनु पर्नेछ।

३) उपदफा (२) बमोजिम समितिले दिएको सूचना वमोजिम दरखास्तवालाले थप कागजात पेश गरेको मितिलाई नै दरखास्त पेश गरेको मिति मानिनेछ।

११. सर्वेक्षण अनुमति दिनु पर्ने : क) दफा १० बमोजिम प्राप्त हुन आएको दरखास्त र सो साथ संलग्न कागजात जाँचबुझ गर्दा दरखास्तवालालाई सर्वेक्षण अनुमति पत्र



मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

CamScanner

दिन उपयूक्त देखिएमा गाउँपालिकाले अनुसूची-३ बमोजिमको ढाँचामा स्रोत सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ।

**१२. मुहान दर्ता अनुमतिपत्रको नविकरण :**

१) कार्यविधि बमोजिम मुहान दर्ता अनुमतिपत्रको अवधि प्रत्येक वर्षको असार मसान्त भित्र अनुमतिपत्र नवीकरणको लागि पाँच सय रुपैया दस्तुर सहित गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

२) उपदफा (१) बमोजिम अनुमतिपत्र नवीकरण नगरेमा त्यसको मनासिव कारण खुलाई अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले पैतिस दिनभित्र अनुमतिपत्र प्राप्त ब्यक्ति/उपभोक्ता समिति/संघ संस्थाले समिती समक्ष निवेदन दिन सक्नेछ र यसरी दिएको निवेदन उपर जाँचबुझ गर्दा ब्यहोरा मनासिव देखिएमा समितिले अनुमतिपत्र नवीकरण गर्न सक्नेछ।

**१३. अनुमतिपत्रमा संशोधन गर्नु परेमा :**

१) अनुमतिपत्र प्राप्त ब्यक्ति/उपभोक्ता समिति/संघ संस्थाले आफूले पाएको अनुमतिपत्रमा उल्लेखित कुनै कुरा संशोधन गर्न चाहेमा गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँपालिकाले सो सम्वन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा ब्यहोरा मनासि देखेमा अनुमतिपत्रमा संशोधन गरी दिनेछ।

**१४. स्रोत उपयोग गरे बापत बुझाउनु पर्ने शुल्क :** क) अनुमतिपत्र प्राप्त ब्यक्ति/उपभोक्ता समिति/संघ सस्थाले स्रोतको उपयोपग गरे वापत प्रत्येक वर्ष गाउँपालिकालाई एक हजार रुपैया शुल्क बुझाउनु पर्नेछ।

**मुहान दर्ता तथा विवाद निरुपण समाधान १५. मुहान दर्ता तथा विवाद निरुपण समाधान समिति :**

१) उपभोक्ता समिति/संस्थाले विकास तथा संचालन गर्ने परियोजनाको मूहान दर्ता तथा स्रोत उपयोग सम्वन्धमा कुनै विवाद उत्पन्न भएका त्यस्तो विवाद समाधनको लागि देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु भएको मूहान दर्ता तथा विवाद निरुपण समिति समाधान र हनेछ :

क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

ग) सम्वन्धित वडाको वडाध्यक्ष -सदस्य

घ) प्रमूख प्रशासकीय अधिकृत -सदस्य

ङ) पूर्वाधार/खानेपानी शाखाको प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको जानकारी लिई सकेपछि स्रोत उपयोग विवाद निरुपण समितिले स्रोतको उपयोगको सम्वन्धमा परेको उजुरी छानविन गरी आवश्यक निर्णय गर्ने।



मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

CamScanner

**संरचनाको सुरक्षा र मर्मत संभार**

**१६. गुणस्तर कायम राख्नु पर्ने :**

गाउँपालिकाले कार्यविधिको बमोजिम खानेपानीको लागि निर्धारण गरेकोगुणस्तर पानी आपुर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराउने खानेपानीमा गुणस्तर कायम राख्नु पर्नेछ।

**१७. स्रोतलाई प्रदुषित बनाउन नहुने :**

पानी आपुर्तिकर्ता/उपभोक्ता समितिले मुहान प्रदुषण हुने गरी संरचनाको निर्माण गर्न वा अन्य कुनै प्रकारको कार्यहरु गर्नु हुदैन।

**१८. वातवरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने :** पानी आपुर्तिकर्ताले वातावरणमा उल्लेखनिय प्रतिकूल असर पर्ने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरु गर्नु हुदैन।

**सेवा उपयोग सम्वन्धी व्यवस्था**

**१९. सेवा उपलब्ध गराउने आधारहरु :**

(१) पानी आपुर्तिकर्ताले सेवा उपलब्ध गराउदा देहायका विषयलाई आधार बनाउनेछ :

क) भौगोलिक स्थिति,

ख) जनसंख्या,

ग) स्रोतमा उपलब्ध हुन सक्ने पानीको परिमाण,

घ) संरचनाको क्षमत,

ङ) अन्य प्राविधिक कुराहरु

**२०. सेवा उपयोग गर्न प्राथमिकता दिने:**

१) पानी आपूर्तिकर्ताले देहाय बमोजिम निर्धारित आधारहरुको अधिनमा रहि देहायका उपभोक्तालाई सेवा उपयोग गर्न उपयोग गर्न प्राथमिकता दिनेछ।

क) स्वास्थ्य संस्था, अनाथालय, बृद्धाश्रम

ख) बाढी, आगलागी, महामारी रोगठ ब्याधी फैलिई वा त्यस्तै अन्य कुनै प्राकृतिक वा दैवी प्रकोपको कारणले अस्थायी रुपमा खडा गरिएको शिविर,

ग) विद्यालय, छात्रावास, वा सरकारी कार्यालय तथा त्यस्तो कार्यालय तथा त्यस्तो कार्यालयको कर्मचारीको आवास गृह,

घ) सर्वसाधारण नागरिकको आवास गृह,

ङ) अंत्यन्त जरुरी सार्वजनिक महत्वको निर्माण कार्य,

च) उद्योग तथा कलकारखाना भए त्यस्तो उद्योग र कारखानामा काम गर्ने कामदारहरु।

२) उपदफा (१) मा देखिएका देखि बाहेक सेवा उपलब्ध गराउने प्राथमिकताको क्रम निर्धारण गर्दा पानी आपूर्तिकर्ताले सम्वन्धित गाउँपालिकासँग आवश्यक परामर्श गर्नु पर्नेछ।

**२१. शर्तहरु तोक्ने :**



मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

CamScanner

१) पानी आपुर्तिकर्ताले उपभोक्तालाई सेवा उपलब्ध गराउदा कार्यविधी बमोजिम नेपाल सरकार/प्रदेश सरकार/गैह सरकारी संस्थाहरुले हस्तान्तरण गरेको परियोजाना भए परियोजना हस्तान्तरण गर्दा नेपाल सरकार तथा गाउँपालिकाले तोकेको शर्तहरु विपरीत नहुने गरी आवश्यक शर्तहरु तोक्न सक्नेछ ।

निरीक्षक : विविध २२.

१) परियोजनाको निरीक्षण गर्न गाउँपालिकाले खानेपानी शाखा हेर्ने प्राविधिकलाई निरीक्षक तोक्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम तोकिएको निरीक्षकले मुहानको समय समयमा निरीक्षण गरी देहायका विषयहरुमा व्यक्ति/उपभोक्ता समितिलाई आवश्यक आदेश तथा निर्देशन दिई सोको जानकारी गाउँपालिका लाई दिनु पर्नेछ ।

क) स्रोतको भौतिक सुरक्षा तथा प्रतिकुल वातावरणीय असरबाट संरक्षण,

ख) संरचनाको निर्माण मर्मत संभार तथा सूरक्षा,

ग) उपभोक्तालाई उपलब्ध गराउने मुहानको पानीको व्यवस्थापन, आपुर्ति गर्ने लगायत अन्य प्राविधिक कुराहरु ।

घ) खानेपानी आयोजना संचालन गर्नको लागि उक्त समितिले नै मर्मत संम्भार कोष स्थापना गरी खर्च गर्नुपर्ने छ ।

२३. उजुरी दिन सक्ने :

(१) सेवा उपयोपग सम्वन्धमा मुहान दर्ता उपर दिएको निर्णमा चित्त नबुझ्ने ब्यक्ति/उपभोक्ताले गाउँपालिका न्याय समिति समक्ष उजुरी दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम उजूरी प्राप्त हुन आएमा गाउँपालिका न्याय समितिले आवश्यकता अनुसार ब्यक्ति/उपभोक्ता समिति/संघ संस्था र गाउँपालिकासँग परामर्श गरी आवश्यक आदेश दिन सक्नेछ र त्यसरी दिएको आदेश सम्वन्धित मुहान दर्ता वाला सहित व्यक्ति/उपभोक्ता समिति/संघ संस्थालाई मान्य हुनेछ ।

२४. यस कार्यविधि निर्माण हुनु पहिले म्याद भित्र नवीकरण नभएका खानेपानीको मुहान दर्ता भएका हकमा एक पटकको लागि ३५ दिने सुचना प्रकाशन गरी म्याद भित्र आएका निवेदकको खानेपानी मुहान नवीकरण गर्न सकिनेछ ।

२५. म्याद भित्र नवीकरण नभएका तर नवीकरण गर्न आएमा प्रतिवर्ष रु पाँच सय रुपैयाका दरले जरिवाना लिइ नवीकरण गर्न सकिनेछ ।

२६. अनुसूचिमा हेरफेर :

गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।



मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

CamScanner

अनुसूची-१

( दफा ५ संग सम्बन्धित)

**मुहान दर्ता उपभोक्ता समिति/संस्था दर्ताको लागि दिईने दरखास्त**

श्री सान्नी त्रिवेणी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यलय, मेहलमुडी,
कालिकोट ।

मुहान दर्ता उपभोक्ता समिति/संस्था/ले देहायका कुराहरु खुलाई यो दरखास्त पेश गरेको छु ।

१) उपभोक्ता समिति/संस्था/मुहानको नाम र ठेगाना :

२) उपभोक्ता समिति/संस्था/मुहान दर्ताको उदेश्य :

३) स्रोत/मुहान रहेको: प्रदेश ....... जिल्ला.......गाउँपालिका......वडा नं..... टोल...

४) उपभोग गर्ने पानीको परिमाण:

५) परियोजना शुरु गर्न लाग्ने समय :

६) परियोजना सम्पन्न गर्दा लाग्न जाने अनुमानित खर्च :

७) नेपाल सरकार/प्रदेश सरकार/गाउँपालिका/गैहसरकारी संस्थाले विकास गरी संचालन एवं हस्तान्त्रण गर्ने परियोजना भए सो परियोजनाको नाम र तत्सम्वन्धि अन्य विवरण :

८) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :

क) परियोजना सम्वन्धि विस्तृत विवरण उल्लेख भएको कागजात ।

ख) परियोजनाको लागि कुनै समिति/संस्थटाबाट आर्थिक सहायता ब्यहोरिने भय सो सम्वन्धमा त्यस्तो समिति/संस्थाले ब्यक्ति गरेको प्रतिबद्धता र तत्सम्वन्धी कागजात : ............................. ............. वडाले भर्नु पर्ने : यस पालिका अन्तर्गत वडा नं. ....... मा संचालन हुने उल्लेखित परियोजनाको लागि गठन हुन लागेको उपभोक्ता समिति/संस्था दर्ता हुन उपयूक्त देखिएकाले सिफारीस गरिन्छ । साथै उल्लेखित परियोजना संचालनको लागि आवश्यक मर्मत र संभारको कार्यहरुमा यस वडाको तर्फबाट पूर्ण सहयोपग हुने ब्यहोरा जानकारी गराईन्छ ।

सिफारिस गर्ने पदाधिकारीको :

सहि :

नाम :

पद :

मिति :

वडा कार्यलयको छाप



मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

CamScanner

अनुसूची-२

( दफा ६ को उपदफा (२) संग सम्बन्धित)

**सान्नी त्रिवेणी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यलय**

**मेहलमुडी, कालिकोट**

**उपभोक्ता संस्थाको दर्ता प्रमाणपत्र**

दर्ता नम्बर दर्ता मिति ............. आ व ..............

श्री ............................. .................................. महाशय, तपाईले मिति ................ मा दिएको दरखास्त बमोजिम यस गाउँपालिकाको मिति .......... को निर्णय बमोजिम मुहान दर्ता उपभोक्ता समिति/संस्था दर्ता गरी यो प्रमाण पत्र दिइएको छ।

- उपभोक्ता समिति/संस्थाको नाम र ठेगाना :
- उपभोक्ता समिति/संस्थाको उदेश्य :
- उपभोक्ता समिति/संस्थाले संचालन गर्ने परियोजनाको नाम :
- परियोजनाको स्रोत :
- स्रोत रहेको :प्रदेश .. जिल्ला ... गाउँपालिका ..वडा नं. .. टोल...
- उपभोग गर्न पाउने पानीको परिमाण :
- उपभोक्ता समिति/संस्थाको कार्य क्षेत्र :
- परियोजना शुरु गर्नु पर्ने अवधि :
- उपभोक्ता समिति/संस्थाले पालना गर्नु पर्ने शर्तहरु।

प्रमाणपत्र दिने अधिकारीको :
सहि :
नाम :
पद :
गाउँपालिका :
मिति :
गाउँपालिकाको छाप



मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

CamScanner

अनुसूची-३

( दफा १०को उपदफा (१) संग सम्वन्धित)

**स्रोत सर्वेक्षण गर्ने अनुमतिको लागी दिईने दरखास्त**

श्री अध्यक्ष ज्यू,
सान्नी त्रिवेणी गाउँपालिका,
मेहलमुडी, कालिकोट

खानेपानीको स्रोत सर्वेक्षण गर्न अनुमतिपत्रको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१) व्यक्ति वा संगठित समिति/संस्थाको नाम र ठेगाना :

२) उद्देश्य :

३) सर्वेक्षण गर्न चाहेको स्रोतको नाम :
४) स्रोत रहेको : प्रदेश ... जिल्ला...... गाउँपालिका ..... वडा नं.....
५) सर्वेक्षण गर्न लाग्दा लाग्ने अवधि :
६) अन्य विवरण :
७) दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरु :
क) स्रोत सर्वेक्षण सम्वन्धमा आर्थिक, प्राविधिक र वातावरणीय मुल्याङ्कन सम्वन्धी प्रतिवेदन ।
ख) स्रोत सर्वेक्षण गरिने स्थानको नक्सा ।
ग) संगठित समिति/संस्था भए सो समिति/संस्थाको विधानको एक प्रति ।
घ) आवश्यक अन्य कागजात ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्त दिनेको :
सहि :
नाम :
ठेगाना :
मिति :
समिति/संस्था
को छाप :

**आज्ञाले,**

**प्रमाणीकरण मितिः**

**प्रमुख प्रशासकीय अधिकृत**



मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

CamScanner